**नेपाल सरकार**

**सूचना तथा सञ्चा◌िर मन्त्रालय**

# एनालग प्रणालीमा सञ्चा◌ालित केवुल वितरकलाई डिजिटल प्रणालीमा रुपान्तरण गर्ने सम्बन्धि प्रेस विज्ञप्ती

विभिन्नञ सञ्चा◌ेर माध्यमहरुबाट यही मिति २०७४ बैशाख १५ देखि केवल टेलिभिजनहरु बन्द हुने जस्ता भ्रामक विज्ञापन तथा सूचनाहरु प्रसारण भएकोमा मन्त्रालयको ध्यानाकर्षण भएको छ। नेपाल सरकारले २०७१ मंसिर २१ गते देखिनै एनालग प्रविधिबाट संचालित केवल नेटवर्कहरुलाई इजाजत दिने कार्य बन्द गरिसकेको छ। यस अघि एनालग प्रविधिमा इजाजत प्राप्त केवल नेटवर्कहरुलाई चरणबद्ध रुपमा डिजिटल प्रणालीमा रुपान्तरण गर्ने नीति अनुरुप यही मिति २०७४ बैशाख १५ गते सम्ममा काठमाण्डौ , ललितपुर र पोखरा महानगरपालिका , विराटनगर र विरगन्ज उपमहानगरपालिका क्षेत्रमा संचालित एनालग प्रविधिका केवल नेटवर्कहरुले डिजिटल प्रविधिको स्थानीय प्रणालीमा रुपान्तरण गरिसक्नुल पर्ने कानूनी व्यवस्था अनुरुप डिजिटल सिग्ननल मात्र ग्राहकहरुलाई वितरण गर्न जानकारी गराइएको छ। यी क्षेत्रमा एनालग प्रणालीको हेडइण्ड भएका एनालग केवललाई सिग्नगल वितरण नगर्न समेत सिग्नरल वितरकहरुलाई अनुरोध छ। साथै सो क्षेत्रका केवल टि.भि उपभोक्ताहरुले पनि आ-आफ्नो केवल टेलिभिजन डिजिटल प्रविधिमा रुपान्तरण नभएको भए केवल नेटवर्क संचालकलाई जानकारी गराई गुणस्तरीय डिजिटल सिग्नलल प्रयोग गरी सचेत नागरीकको परिचय दिनु हुन अनुरोध गर्दछौ।